बुटवल उपमहानगरपालिका
BUTWAL SUB-METROPOLITAN CITY

नगर प्रमुख
MAYOR

# शुभकामना

११३औँ अन्तर्राष्ट्रिय महिला दिवस (आठ मार्च)को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनीहरुमा सुख, शान्ति र समृद्धिको कामना गर्दछु । यसअवसरमा महिला आन्दोलनको अगुवाई गर्ने क्रममा सहादत्त प्राप्त गर्ने र समानताका लागि सधैं क्रियाशील भइरहने महिलाहरूप्रति उच्च सम्मान प्रकट गर्दछु ।

महिला आन्दोलनहरूले हासिल गरेका उपलब्धिहरूलाई संस्थागत गर्दै लैंगिक समानता र समान अवसर प्राप्तिका लागि हरेक वर्ष आठ मार्चलाई अन्तर्राष्ट्रिय महिला दिवसको रुपमा मनाइन्छ । यस वर्षको अन्तर्राष्ट्रिय महिला दिवसका सन्दर्भमा नेपालले 'लैङ्गिक समानताको बलियो आधारः सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार' भन्ने राष्ट्रिय नारा लिएको छ भने 'डिजिटलः लैङ्गिक समानताका लागि नवप्रवर्तन र प्रविधि' भन्ने अन्तर्राष्ट्रिय नारासहित ११३औँ अन्तर्राष्ट्रिय महिला दिवस मनाउन लागिएको छ । यसको अभिप्राय महिलाहरूलाई आर्थिक, सामाजिक तथा राज्यका हरेक अंग र निकायमा प्रभावकारी प्रतिनिधित्व गराउनतर्फ अग्रसर हुनुपर्दछ ।

नेपालमा अधिकार प्राप्ति र परिवर्तनका हरेक आन्दोलनमा महिलाको प्रभावकारी सहभागिता रहदै आएको छ । नेपाली राजनीतिक आन्दोलनको प्रतिफलस्वरूप महिला सशक्तिकरणको क्षेत्रमा नेपालले हासिल गरेका उपलब्धिहरू विश्वमै उदाहरणीय मानिन्छ । संविधानमार्फत महिला सहभागिता र प्रतिनिधित्व सुनिश्चित भएपछि मुलुकका तीनै तहका सरकार, संसद र नीति निर्माण गर्ने निकायमा महिलाको नेतृत्वदायी भूमिका हुन थालेको छ । यो अत्यन्तै खुशीको कुरा हो ।

महिला सशक्तिकरणका लागि स्थानीय सरकारका रूपमा हामीले नीति कार्यक्रम, वार्षिक बजेटमा महत्वका साथ समावेश गर्दै आएका छौं । महिलालाई कला, सीप र दक्षता अभिवृद्धिमार्फत् रोजगार, स्वरोजगार र उद्यममा जोड्ने र आत्मनिर्भर बनाउनेतर्फ हाम्रा योजनाहरू अरू धेरै प्रभावकारी रूपमा अगाडि बढिरहेका छन् । गृहणी महिला रोजगार कार्यक्रममार्फत् महिलालाई सीप र कलाका माध्यमबाट उत्पादनमा जोड्ने हाम्रो योजना छिटै नै कार्यान्वयन हुने चरणमा रहेको छ ।

राज्यका हरेक निकायमा महिलाको समान सहभागिता, उत्पादनमा महिलाको अगुवाई, सामाजिक रूपमा उच्च ओहदामा पुऱ्याउनेजस्ता विषयहरू केवल महिलाका मात्रै मुद्दा होइनन् । महिला सशक्तिकरण, सहभागिता र समानताका लागि महिला र पुरूष दुवैको समान, सक्रिय र प्रभावकारी भूमिका आवश्यक रहेकोमा म विशेष जोड दिन चाहन्छु ।

अन्त्यमा, समाजमा अझैपनि कायम रहेका कतिपय अन्धविश्वास, कुप्रथा र अज्ञानताका कारण महिलामाथि हुने विभेदलाई जरैदेखि उन्मूलन गरी सभ्य र सुसंस्कृत समाज निर्माण गर्न हामी सबैले आ-आफ्नो तर्फबाट भूमिका निर्वाह गरौं भन्ने कामनासहित यस दिवसले महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद, उत्पीडनलाई निर्मूल गर्दै समानता र न्याय सुनिश्चित गर्ने यात्रामा निरन्तर लागिरहन हामी सबैमा थप उर्जा र उत्साह प्राप्त हुन सकोस् भनी शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
जय नेपाल
२०७९ फागुन २४ गते बुधबार ।

खेलराज पाण्डेय
नगर प्रमुख

बुटवल उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बुटवल, रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल
फोन: ०७१-५४०११२, ५४००३५, फ्याक्स: ०७१-५४१२८३, इमेल: butwalmayor@gmail.com, khelrajpandey@gmail.com

# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बुटवल, रुपन्देही

फोन: ०७१-५४०११२, ५४००३५
फ्याक्स: ०७१-५४१२८३
इमेल: info@butwalmun.gov.np


# शुभकामना

'लैङ्गिक समानताको बलियो आधारः सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार' भन्ने राष्ट्रिय नाराका साथ यस वर्ष मनाइँदै गरेको ११३औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली महिलाहरुमा सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दछु ।

यसवर्षको राष्ट्रिय नाराले महिला पहुँचको विस्तारमा जोड दिएको छ भने अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा यस वर्षको अन्तरराष्ट्रिय नारा 'डिजिटलः लैङ्गिक समानताका लागि नवप्रवर्तन र प्रविधि'ले महिलालाई प्रविधिमार्फत नयाँ कार्यमार्फत समानतातर्फ अग्रसर हुन प्रेरित गर्दछ ।

अधिकार प्राप्ति र व्यवस्था परिवर्तनका हरेक आन्दोलनमा नेपालमा महिलाको सहभागिता प्रभावकारी र हँदै आएको छ । नेपाली महिलाहरूको प्रभावकारी सहभागितामा भएका आन्दोलनमार्फत् पुऱ्याएको यो गदान र बलिदानीमार्फत नै हामी अहिलेको संघीय लोकतान्त्रिक व्यवस्थामा छौं । नेपालको संविधानले मौलिक हकको धारा ३८मा महिलामाथि हुने अत्याचार, शोषण, दमन र हिंसाजस्ता लैंगिक विभेद र अमानवीय व्यवहारहरु अन्त्य गरी पुरुष र महिलाबीच समानताको प्रत्याभूति गर्न महिलाको हक सुनिश्चित गरेको छ । महिलालाई ३३ प्रतिशत आरक्षणको व्यवस्था गर्दै राज्यका हरेक निकायमा महिला सहभागिता सुनिश्चित भएतापनि व्यवहारिक रूपमा केही जटिलताहरू कायमै रहेकाले अपेक्षित उपलब्धिहरू हासिल हुन सकिरहेका छैनन् । महिलालाई समान सहभागितामार्फत् अगाडि बढाउनका लागि राज्यका नियम कानूनले गरेका व्यवस्थाहरू कार्यान्वयन गर्नका लागि महिलाहरू एकजुट हुनु जरूरी छ ।

समृद्धि हासिल गर्न महिलाको आर्थिक, सामाजिक तथा व्यवस्थापकीय रुपान्तरण अपरिहार्य रहेका कुरालाई मनन् गर्दै सुरक्षा, सम्मान र रोजगारीलाई साझा अभियानको रुपमा हामी सबैले अघि बढाउनुपर्ने आजको आवश्यकता हो । यस दिवसले नेपालको संविधानले गरेको व्यवस्था र अन्तर्राष्ट्रिय मञ्चहरुमा नेपालले व्यक्त गरेका प्रतिबद्धताहरु पूरा गर्न हौसला प्रदान गर्ने छ भन्ने मैले विश्वास लिएको छु ।

अन्तमा, अन्तर्राष्ट्रिय महिला दिवसले लैंगिक समानताका विषयलाई आत्मसात् गर्न र लैंगिक समानताका लागि क्रियाशील अधिकारकर्मी तथा अभियान्ताहरु लगायत सम्बद्ध सबैलाई उत्साहका साथ काम गर्ने प्रेरणा प्राप्त होस् भन्ने कामना गर्दछु ।

धन्यवाद ।
२०७९ फागुन २४ गते बुधबार ।

सावित्रादेवी अर्याल
उपप्रमुख
बुटवल उपमहानगरपालिका